





राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क ११ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ माघ ११ गते मंगलबार ❑ 25 Jan. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## गण्डकी प्रदेश सरकारको ६ महिनामा १५.९० प्रतिशत बजेट खर्च

**पोखरापत्र संवाददाता**
**पोखरा, १० माघ**

गण्डकी प्रदेश सरकारले चालु आर्थिक बर्षको ६ महिना अर्थात पुष मसान्तरसम्म १५.९० प्रतिशत बजेट खर्च गरेको छ।

चालु आर्थिक बर्ष २०७८/०७९ को पुष मसान्तरसम्म कुल बजेटको १५.९० प्रतिशतले ४ अर्ब ७९ करोड ७३ लाख ९२ हजार रुपैया मात्र खर्च गरेको प्रदेश लेखा नियन्त्रक कार्यालय पोखराले जनाएको छ।

अघिल्लो आर्थिक बर्षको तुलनामा यस चालु आर्थिक बर्षको अर्धबार्षिकमा करिब एक प्रतिशत बढी बजेट खर्च भएको हो । अघिल्लो आर्थिक बर्षको पुष मसान्तरसम्म १५.१३ प्रतिशत बजेट खर्च भएको थियो । पुंजिगत खर्च १४.१३ प्रतिशत चालुगत खर्च १८.४२ प्रतिशत खर्च भएको प्रदेश महालेखाले जारी गरेको अर्ध बार्षिक खर्च विवरणमा उल्लेख छ।

३० अर्ब १८ करोडको चालु आर्थिक बर्षको बजेट मध्य पुष मसान्तरसम्ममा पुंजिगत तर्फ २ अर्ब ३६ करोड ५४ लाख खर्च भएको छ भने चालु तर्फ २ अर्ब ४३ करोड १९ लाख खर्च भएको छ । प्रदेशका विभिन्न मन्त्रालयहरु मध्य कानून, संचार तथा प्रदेश सभा मामिला मन्त्रालयले पुष मसान्तरसम्ममा २.४६ प्रतिशत खर्च गएको छ भने वन वातावरण तथा भूसंरक्षण मन्त्रालयको पुष मसान्तरसम्ममा २१.२१ प्रतिशत बजेट खर्च भएको अर्थ मन्त्रालयले जनाएको छ। सबै भन्दा धेरै बजेट भएको भौतिक पूर्वाधार शहरी विकास तथा यातायात व्याबस्था मन्त्रालयको पुष मसान्तरसम्ममा १४.८९ प्रतिशत अर्थात १ अर्ब ३२ करोड ३० लाख ६४ हजार ४ सय ११ रुपैया खर्च भएको खर्च भएको गण्डकी प्रदेशको अर्थ मन्त्रालयका उपसचिव वसन्तराज तिवारीले बताए। भौतिक पूर्वाधारमा चालु आर्थिक बर्षमा ८ अर्ब ८८ करोड ५४ लाखको बजेट विनियोजन भएको हो । कानून मन्त्रालयले पुष मसान्तरसम्म २ करोड १८ लाख ३७ हजार खर्च भएको छ भने वन मन्त्रालयको भने पुष मसान्तरसम्ममा १९ करोड ४१ लाख ७१ हजार खर्च भएको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको ६ महिनामा ९.१० प्रतिशतले १९ करोड ९३ लाख ३६ हजार रुपैया खर्च भएको प्रदेश लेखा नियन्त्रक कार्यालय पोखराले जनाएको छ । अर्थ मन्त्रालयले पुष मसान्तरसम्ममा १७.२६ प्रतिशतले २ करोड ९९ लाख ५४ हजार खर्च गरेको मन्त्रालयले जनाएको छ। पर्यटन, उद्योग, बाणिज्य तथा आपुर्ति मन्त्रालयको पुष मसान्तरसम्ममा १५.२५ प्रतिशतले ७ करोड २ लाख ४५ हजार खर्च भएको छ।

भूमि व्याबस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालयको ६ महिनामा १३.२२ प्रतिशत अर्थात २८ करोड २१ लाख १७ हजार रुपैया मात्र खर्च भएको छ । उर्जा जलश्रोत तथा खानेपानी मन्त्रालयको पुष मसान्तरसम्ममा २०.२३ प्रतिशतले ९६ करोड १३ लाख ७५ हजार रुपैया खर्च भएको कार्यालयले जनाएको छ। शिक्षा संस्कृति विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयले पुष मसान्तरसम्ममा १३.८१ प्रतिशत अर्थात २९ करोड ९७ लाख ७० हजार रुपैया खर्च गरेको छ । युवा तथा खेलकुद मन्त्रालयले चालुआ.व.को ६ महिनामा ७.८१ प्रतिशतले २ करोड ३३ लाख ९२ हजार रुपैया खर्च गरेको छ । स्वास्थ्य तथा जनसङख्या मन्त्रालयले पुष मसान्तरसम्ममा २०.८९ प्रतिशतले ४७ करोड ६२ लाख ४२ हजार रुपैया खर्च भएको छ । पुष मसान्तरसम्ममा प्रदेश निती तथा योजना आयोगको भने २४.०६ प्रतिशत बजेट खर्च भएको छ । अर्थ वित्तिय ब्याबस्था, अर्थ आन्तरिक ऋण भुक्तानी, कर्मचारी सुविधा तथा सेवानिवृत्त सुविधा र अर्थ विभिधमा खर्च नभएको प्रदेश महालेखाले जारी गरेको अर्ध बार्षिक खर्च विवरणमा उल्लेख छ। प्रदेशले हालसम्म ऋण लिने कानूनी ब्याबस्था नभएको, नवलपुरमा संघिय सरकारसंगको सहलगानीमा धौलाधि फलाम खानी उत्खनन प्रकृया अघि नबढ्नुले केही शिर्षमा हाल खर्च भएको अर्थ मन्त्रालयका उपसचिव तिवारीले बताए । प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले भने भै यस बर्ष करिब ८० प्रतिशत बजेट खर्च हुने उनले दाबी गरे।

प्रदेश व्याबस्थापिकको पुष मसान्तरसम्म २४.३५ प्रतिशतले ४ करोड ९२ लाख ७६ हजार खर्च भएको छ। पुष मसान्तरसम्ममा प्रदेश लोक सेवा आयोगको सवै भन्दा धेरै खर्च भएको छ । ४४.९९ प्रतिशतले ४ कारेड १० लाख ४२ हजार पुष मसान्तरसम्ममा प्रदेश लोक सेवा आयोगको खर्च भएको छ। मुख्य न्यायधिवक्ताको कार्यालयले पुष मसान्तरसम्ममा ३७.७९ प्रतिशत अर्थात ५७ लाख ८० हजार खर्च गरेको छ। गण्डकी प्रदेशमा हाल १२ वटा मन्त्रालयहरु रहेका छन्।

## गण्डकी प्रदेशमा तीन सातामा ३०० स्वास्थ्यकर्मी संक्रमित

**पोखरापत्र संवाददाता**
**पोखरा, १० माघ**

पछिल्ला समय कोरोना भाइरसको तेस्रो लहरसँगै देशभर सङ्क्रमित हुनेको सङ्ख्या बढेको छ।

आम नागरिकसँगै कोरोनाविरुद्ध अग्रपङ्क्तिमा खटिने स्वास्थ्यकर्मीसमेत सङ्क्रमित हुने क्रम बढेको छ। गण्डकी प्रदेशमा मात्र तीन साताका अवधिमा ३०० का हाराहारीमा चिकित्सक र नर्सलगायतका स्वास्थ्यकर्मी कोरोना सङ्क्रमित भएका छन् । कोरोनाका बिरामीको उपचार हुँदै आएका पोखरास्थित पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गतको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल र सङ्क्रामक तथा सरुवा रोग अस्पतालका स्वास्थ्यकर्मी बढी सङ्क्रमित छन् । कोरोनाको नयाँ भेरियन्ट ओमिक्रोन समुदाय स्तरामा फैलिइरहेको अवस्थामा अग्रभागमा रहेर स्वास्थ्योपचार गर्ने स्वास्थ्यकर्मीसमेत सङ्क्रमित भएपछि पोखरामा स्वास्थ्य र वातावरणको क्षेत्रमा काम गर्दै आएको नेलम्बो नेपालले पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई पाँच जना स्टाफ नर्स सहयोग गरेको छ । केही दिनअघि नेलम्बोले सरुवा तथा सङ्क्रामक अस्पताललाई समेत चार जना स्वास्थ्यकर्मी सहयोग गरेको थियो।

स्वास्थ्यकर्मी अधिकतम मात्रामा सङ्क्रमित भइरहेको अवस्थामा स्वास्थ्य अस्पतालमा बिरामीको उपचारमा स्वास्थ्यकर्मीको अभाव सिर्जना नहोस् र नागरिकले सहजरुपमा स्वास्थ्योपचार सेवा प्राप्त गर्न सकुन् भन्ने उद्देश्यले आगामी छ महिनाको लागि पाँच जनाको स्वास्थ्य जनशक्ति सहयोग गरिएको नेलम्बोले जनाएको छ। जनशक्ति उपलब्ध गराउने सम्बन्धमा आइतबार नेलम्बो नेपालका अध्यक्ष एकदेव देवकोटा र पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका निर्देशक डा भरतबहादुर खत्रीबीच सम्झौतापत्रमा हस्ताक्षर गरिएको छ । अध्यक्ष देवकोटाले हाल कोभिड १९ ले विश्वनै आक्रान्त भइरहेको अवस्थामा कोभिड-१९ अस्पतालमा स्वास्थ्यकर्मीको जनशक्ति अभाव नहोस र बिरामीको उपचारमा सहयोग गर्नका लागि जनशक्ति सहयोग गरिएको बताउनुभयो । जनशक्ति सहयोगबापतको सबै खर्च नेलम्बोलेनै गर्ने बताइन्छ।

प्रतिष्ठानका निर्देशक डा खत्रीले नेलम्बो नेपालले कोभिड-१९ सम्बन्धी सुरुआती चरण देखिनै कोरोनासँग जुध्न र जोखिम न्यूनीकरणका लागि कार्य गर्दै आएकामा आभार व्यक्त गर्नुभयो । पछिल्लो केही दिनयता सङ्क्रमण बढ्दै जाँदा प्रतिष्ठानमा पनि स्वास्थ्यकर्मी सङ्क्रमित भएर स्वास्थ्य सेवा प्रवाहमा कठिनाइ भएको अवस्थामा मानवीय सेवाको कार्य गर्ने नेलम्बोको सहयोग महत्वपूर्ण रहेको बताउनुभयो।

## मुख्यमन्त्री पोखरेललाई एमालेको ध्यानाकर्षण

**पोखरापत्र संवाददाता**
**पोखरा, १० माघ**




गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेललाई प्रदेशसभामा प्रमुख विपक्षी दल नेकपा (एमाले) ले २० बुँदे ध्यानाकर्षण पत्र बुझाएको छ । मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालयमा आयोजित एक कार्यक्रमबीच एमाले प्रमुख सचेतक मायानाथ अधिकारीले मुख्यमन्त्री पोखरेललाई ध्यानाकर्षण पत्र बुझाउनु भएको हो । नौ महिनाअघि पोखरेलको नेतृत्वमा बनेको गठबन्धन सरकारले विगतमा निर्धारण गरेका योजना र विकासका लक्ष्यहरूलाई कटौती गरेको, गैरबजेटका योजनाहरूमा रकमान्तरण गरेर प्रदेशका जनताको विकासको अपेक्षामा कुठाराघात

बाँकी अन्तिम पृष्ठमा ▶▶

## माछापुच्छ्रेमा अत्यावश्यकबाहेकका सेवा स्थगन

**पोखरापत्र संवाददाता**
**पोखरा, १० माघ**

कास्कीको माछापुच्छ्रे गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीमा कोरोना सङ्क्रमण भएपछिआजदेखिगाउँपालिकाको अत्यावश्यकबाहेकका सेवा स्थगन गरिएको छ।

गाउँपालिकाले एक सूचना जारी गरी कोरोनाको सम्भावित जोखिम न्यूनीकरण र गर्न गाउँपालिकाबाट प्रवाह हुने सेवा माघ १० गतेदेखि १४ गतेसम्म नियमितरुपमा प्रवाह नहुने जनाएको छ। स्वास्थ्यसँग सम्बन्धित र आन्तरिक कामबाहेक अन्य जनसम्पर्कका सेवा बन्द गरिएको प्रमुख प्रशासकीय अधिकृत खेमराज देवकोटाले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "अत्यावश्यक काम सीमित कर्मचारीबाट पनि सुचारु गर्नेछौं।

त्यसबाहेक गाउँपालिकाबाट प्रवाह गरिने अन्य सेवा बन्द गरिएको छ ।" गाउँपालिकाले समुदायस्तरमा समेत सङ्क्रमण फैलिएको र जोखिम उच्च रहेकाले गाउँपालिकावासीलाई सरकारबाट जारी गरिएको स्वास्थ्य मापदण्डलाई कडाइका साथ पालना गर्न र घर बाहिर निस्कँदा मास्कको प्रयोग गर्न अपिल गरेको छ। गाउँपालिका स्वास्थ्य शाखा प्रमुख गोविन्द आचार्यले गाउँपालिका अध्यक्ष कर्णबहादुर गुरुङ, उपाध्यक्ष कृष्णकुमारी दवाडीसहित तीन जना जनप्रतिनिधि, स्वास्थ्यकर्मी नौ जना र तीन जना कर्मचारी सङ्क्रमित भएको जानकारी दिनुभयो । गाउँपालिकामा हाल सक्रिय सङ्क्रमितको सङ्ख्या २६ जना रहेको बताइन्छ।

## सोमबारबाट जिल्ला प्रशासनको सेवा प्रवाह बन्द

**श्रीकृष्ण सिग्देल**
**स्याङ्जा, १० माघ**

जिल्लाको शान्ति सुरक्षा देखिकोभिड न्युनिकरण गर्न आदेश जारी गर्ने जिल्ला प्रशासन नै बन्द भएको छ।

कर्मचारीमा कोरोना संक्रमण देखिए पछि जिल्ला प्रशासन कार्यालय स्याङ्जा सोमवारबाटसेवा प्रवाह बन्द गरिएको छ । जिल्लावासी नागरिकलाई रोक संक्रामक आदेश जारी गरेको जिल्ला प्रशासन आफै संक्रमणको निशानामा परेको छ । जिल्ला प्रशासन कार्यालय स्याङ्जाले सूचना टाँस गरी अर्को सूचना जारी नभएसम्मका लागि भन्दै अत्यावश्यक सुरक्षा सेवा बाहेक सबै सेवा प्रवाह बन्द गरिएको जनाएको हो।

जिल्ला प्रशासन कार्यालय र स्याङ्जाका विभिन्न फाटमा कार्यरत केही कर्मचारीहरुमा कोभिड १९ संक्रमण पुष्टि भएकोले सोमबारबाट कुनै पनि सेवा नगरिने जनाएको छ।

अन्य कर्मचारीको रिर्पोट आउनबाँकी रहेको र बाँकी केही कर्मचारीहरुमा कोभिड १९ को मिल्दोजुल्दो लक्षण देखिएकाले सेवा प्रवाहमा कठिनाई उत्पन्न भएकाले अर्को सूचना जारी नभएसम्मका लागि जिल्ला प्रशासनबाट प्रदान हुने सेवा बन्द गरिएको सहायक प्रमुख जिल्ला अधिकारी हरी प्रसाद शर्माले जनाएका छन् । शान्ति सुरक्षा र अत्यावश्यक बाहेक नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्र, संघसंस्था दर्ता तथा नविकरण, हातहतियार नविकरण लगायतका सेवाहरु बन्द हुने शर्माले जारी गरेको सूचनामा उल्लेख गरिएको छ। कोभिड संक्रमणको तेस्रो लहर आएसगै स्याङ्जामा एक दर्जन भन्दा बढी कर्मचारी संक्रमणमा परेको प्रमुख जिल्ला अधिकारी राजु पौडेलले बताए।

प्रजिअ पौडेलका अनुसार जिल्ला प्रशासनमा ४ जनामा संक्रमण देखिएको र अन्य सरकारी कार्यालयमा पनि कर्मचारीमा संक्रमण भएको जानकारी दिए । अहिलेसम्म जिल्ला अदालत, स्वास्थ्य कार्यालय, मालपोत र नापीकार्यालय वालिङ लगायतका सरकारी कार्यालयका कर्मचारीमा संक्रमण देखिएको उनले बताए।

पहिलो भेरियन्टमा जिल्ला प्रहरी कार्यालय स्याङ्जाका उच्च अधिकारी सहित तिन दर्जन प्रहरीमा संक्रमण देखिदा जिल्ला प्रहरी कार्यालयबाट हुने सेवा वडा प्रहरी कार्यालय वालिङबाट गरिएको थियो । यो पटक भने जिल्ला प्रशासन कार्यालयको सेवा नै बन्दहुने अवस्थामा कोभिड संक्रमणले पुऱ्याएको छ। स्याङ्जामा तेस्रो चरणको कोभिड संक्रमण झण्डै ८ सयको संख्यामा पुगेको स्वास्थ्य कार्यालयले जनाएको छ । तेस्रो चरणको भेरियन्टमा अहिले सम्म मृत्यु भएको छैन।

तिब्र गतिमा संक्रमण फैलदो अवस्थामा रहेकाले सचेत हुन जिल्लाकोभिड व्यवस्थापन समितिका संयोजक तथा प्रजिअ पौडेलले आग्रह गरेका छन् । प्रशासनले सेवा बन्द गरेपछि नागरिकता, राष्ट्रिय परिचयपत्र र राहदानी बनाउने नागरिक समस्यामा परेका छन् । अर्को व्यवस्था प्रयोग गरेर भएपनि नागरिकले पाउनुपर्ने सुविधा उपलब्ध गराउन स्थानीयले माग गरेकाछन्।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# डिफेण्डिङ च्याम्पियन संकटालाई पन्छाउदै मच्छिन्द्र आहा राराको सेमिफाइनलमा

**पोखरापत्र संवाददाता**
**पोखरा, १० माघ**

डिफेण्डिङ च्याम्पियन संकटा क्लबलाई पन्छाउदै मच्छिन्द्र फुटबल क्लब पोखरामा जारी २० औं आहा रारा गोल्ड कप फुटबल प्रतियोगिताको सेमिफाइनल प्रवेश गरेको छ।



पोखरा रंगशालामा सोमबार भएको तेस्रो क्वाटरफाइनलमा मच्छिन्द्रले संकटा क्लव माथि ४-१ को फराकिलो गोल अन्तरले पराजित गर्दै अन्तिम चारमा स्थान बनाएको हो । लिग बिजेता मच्छिन्द्रले पहिलो हाफमा १-० को अग्रता लिए पनि दोश्रो हापमा गोलको बर्षा गर्दै गोल अन्तर फराकिलो पार्न सफल भएको हो । मच्छिन्द्रको जितमा विदेशी खेलाडी मेसुकी एटिग्नीले २, उत्सव राई र अभिशेक गुरुङले १/१ गोलको योगदान दिए। मेसुकी म्यान अफ दि म्याच समेत घोषित भए । संकटाको लागि गणेश हमालले खेलको ६३ औं मिनेटमा सान्त्वना गोल गरेका थिए । जीतसँगै मच्छिन्द्र अब नेपाल एपिएफ क्लबसँग पहिलो सेमिफाइनल खेल्ने छ । खेलको १३ औं मिनेटमै मच्छिन्द्रका तर्फबाट उत्सव राईले पहिलो गोल गरेका हुन् । गत बर्ष संकटाले अफ्रिकन रुट्स माथि टाईब्रेकरमा४–२ को गोल अन्तरले विजयी भएको थियो । मंगलबार चौथो तथा अन्तिम क्वाटरफाइनलमा विभागिय टोली त्रिभुवन आर्मी क्लब र रुस्लान थ्रि स्टार क्लब बीच प्रतिस्पर्धा हुने आयोजक सहारा क्लब पोखराले जनाएको छ। यसपाली कोरोनाको तेश्रो लहरका कारण क्लवले दर्शक विना उक्त प्रतियोगितालाई निरन्तरता दिएको छ। आयोजक, प्रायोजक, अपिसियल र संचारकर्मी बाहेक अन्य प्रबेश टिकटबाट दर्शक नभित्राएको क्लवका अध्यक्ष हरिराम गुरुङ सुरजले बताए।

# ३ महिने नेपाली साक्तेतिक भाषा तालिम सुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, १० माघ**

अन्नपूर्ण गाउँपालिकाको आयोजनामा र अन्नपुर्ण बहिरा संघको समन्वयमा ३० जना बहिरा अपाङ्गता भएका ब्यक्तिहरुको लागी घ महिने नेपाली साङ्केतिक भाषा तालिम सुरू भएको छ।



अन्नपुर्ण गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत शेषकान्त पौडेलको प्रमुख आतिथ्यता र अपाङ्गताको क्षेत्रमा कार्यरत बिभिन्न संस्थाहरुको उपस्थितीमा उक्त तालिमको उद्घाटन गरिएको हो । कार्यक्रमलाई सम्वोधन गर्दै अन्नपुर्ण बहिरा संघका अध्यक्ष बिश्वामित्र भित्रकोटीले साङ्केतिक भाषा तालिमको आवस्यकता र तालिमको महत्व माथि प्रकाश पार्नुभएको थियो । कार्यक्रममा मन्तव्य राख्ने क्रममा गण्डकी बहिरा संघका पुर्व अध्यक्ष जमान सिंह गरुङ्ले साङ्केतिक भाषाको अभावमा बहिरा अपाङ्गता भएका व्यक्तिहरुको सञ्चारमा पहुँच पुग्न नसक्ने र त्यसले उनिहरुको जिवन अन्धकारमय हुने कुरा व्यक्त गर्दै आगमी वर्षहरुमा यस्ता तालिमहरु वडा स्तरसम्म नै पर्याउनुपर्ने कुरामा जोड दिनुभयो। कार्यक्रमको सफलताको शुभाकामना व्यक्त गर्ने क्रममा राष्ट्रिय अपाङ्ग महासंघ नेपाल गण्डकी प्रदेशका अध्यक्ष खोमराज शर्मालेनेपालको संबिधान, अपाङ्गता भएका व्यक्तिहरुको अधिकार ऐन लगायत अन्य कानुनहरुले ब्यवस्था गरेअनुरुप अपाङ्गता भएका व्यक्तिहरुले प्राप्त गर्न कठिन हुनेगरेको कुरा ब्यक्त गर्दै अन्नपुर्ण गाउपालिकाले बहिरा अपाङ्गता भएका व्यक्तिहरुको सञ्चारलाई मद्दत पुग्ने गरी गरेको यस कार्यको प्रशंसा समेत गर्नुभयो।

बहिराहरुको बिकासको लागी साङ्केतिक भाषा पहिलो सर्त हुने र भाषा जानेपछि मात्र अरु कार्यहरु गर्न सहज हुने भएकाले पहिले भाषाको ज्ञान भएपछि बिस्तारै अन्य सिपमुलक तालिमहरु लिन सहज हुने भएकोले यो तालिम बास्तवमै महत्वपुर्ण भएको र तालिमलाई सफल बनाउन आफुले सक्दो प्रयास गर्ने तालिमका प्रशिक्षक ज्ञानबहादुर भित्रकोटीले जनाउनु भयो। कार्यक्रमका प्रमुख अतिथी अन्नपुर्ण गाउँपालिकाका प्रमुख प्रसाशकिय अधिकृत शेषकान्तपौडेलले कोभिडको कारण गत वर्ष बिनियोजित रकम खर्च गर्न नसकिएको जानकारी गराउँदै अपाङ्गता लक्षित कार्यक्रमहरु कार्यन्वयनको लागी सम्वन्धित निकायसंग समन्वय गर्दै पालिकाको सबै लक्षित समुदाय सम्म कार्यक्रम पुग्ने गरि कार्य गर्न आफु प्रतिवद्ध रहेको जानकारी गराउनु भयो। अन्नपुर्ण गाउँपालिका वडा नं १० का वडा अध्यक्षकुमार प्रसाद गुरुङको अध्यक्षतामा सम्पन्न भएको उद्घाटन समारोह साहायक महिला विकास निरिक्षक श्री निर्मला कुँवरले सञ्चालन गर्नुभएको थियो भने सञ्चार अनुबादका लागि नेपाली सांकेतिक भाषाका दोभाषे श्री सुनिता राना मगरले गर्नुभएको थियो।

# जन्मोत्सवमा अपाङ्ग विद्यार्थीलाई सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, १० माघ**

जन्मोत्सवको अवसरमा गरिने फजुल खर्च कटाएर पोखराका एक युवाले अपाङ्गता भएका विद्यार्थीका लागि शैक्षिक सामाग्री सहयोग गरेका छन्।



गण्डकी प्रदेश उपसभामुखका सोकिय सचिव प्रकाश शर्माले आफ्नो ३० औ जन्मोत्सवका अवसरमा फरक क्षमता भएका १६ जना विद्यार्थीलाई ३५ हजार मूल्य बरावरको शैक्षिक सामाग्री वितरण गर्नुभएको हो । पोखरा महानगरपालिका वडा नं. ९ स्थित नेपाल अपाङ्ग समाज सेवा संघ केन्द्रिय कार्यालय परिसरमा आयोजित कार्यक्रममा विद्यार्थीलाई विद्यालय पोशाक, कपि, कलम, माक्स लगायतका सामाग्री वितरण गरिएको थियो।

गण्डकी प्रदेश सभा सदस्य मिना गुरुङले विद्यार्थीलाई शैक्षिक सामाग्री वितरण गर्दै अपाङ्गता भएका विद्यार्थीलाई शैक्षिक सामाग्री सहयोग गरेर जन्मोत्सव मनाउनु महत्वपूर्ण कार्य भएको उल्लेख गर्दै यस्ता कार्यको युवा वर्गले अनुसरण गर्नुपर्ने आवश्यकता औल्याउनुभयो।

समारोहमा सोकिय सचिव शर्माले आफ्नो जन्मदिनको अवसरमा विगत १० बर्षदेखि आफुले आर्जन गरेको कूल आम्दानीको १५ प्रतिशत रकमबाट समाजका फरक क्षमता भएका, गरिव एवम् विपन्न वर्गलाई सहयोग गर्दै आएको जानकारी दिनुभयो । अपाङ्गता भएका विद्यार्थी भाइबहिनीहरुले आफुलाई कमजोर महसुस नगरिकन शिक्षामा अव्वल हुनुपर्नेमा जोड दिंदै उहाँले पठनपाठनमा कुनै अप्ठेरो परेको जानकारी गराएमा आफुनोतर्फबाट सक्दो सहयोग गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो । नेपाल अपाङ्ग समाज सेवा संघ केन्द्रीय अध्यक्ष बुद्धिबहादुर पन्तले संस्थामार्फत अपाङ्गता भएका २७६ जना बालबालिका बिभिन्न विद्यालयमा अध्ययनरत रहेको बताउँदै संस्थाको सहयोगमा अध्ययन गरेका कतिपय विद्यार्थीले शिक्षण एवम् निजामती सेवामा प्रवेश गरेको जानकारी दिनुभयो।

कार्यक्रममा समाजसेवीहरु गोपि तुलाचन, सुदर्शन कोइराला, प्रेमबहादुर गुरुङ, दुर्गाप्रसाद श्रेष्ठ लगायतले जन्मोत्सवमा फजुल खर्च कटौती गरेर समाजप्रति समर्पण गर्ने यस्ता कार्यको सवैले अनुसरण गर्नुपर्ने आवश्यकता औल्याउनुभयो।

# १० हजार बढी संक्रमित थपिए, ४ को मृत्यु

**रासस**
**काठमाडौं, १० माघ**

पछिल्लो २४ घण्टामा १० हजार ३१९ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आज सार्वजनिक गरेको बुलेटिनमा २१ हजार २०१ परीक्षण गर्दा १० हजार ३१९ जनामा सङ्क्रमण पुष्टि भएको हो।

सक्रिय सङ्क्रमितको सङ्ख्या ८२ हजार ५५० पुगेको छ। पछिल्लो समय दुई हजार ५४० जना सङ्क्रमणमुक्त भएका छन्। योसँगै सङ्क्रमणमुक्त हुने सङ्ख्या आठ लाख २४ हजार २३९ पुगेको छ। यो दर ८९.७ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

विगत २४ घण्टामा चार जनाको सङ्क्रमणबाट मृत्यु भएको छ । अहिलेसम्म ११ हजार ६५९ जनाको सङ्क्रमणका कारणले मृत्यु भइसकेको छ । यस्तै ५०० भन्दा बढी सङ्क्रमण भएको जिल्ला १५ पुगेको छ । मन्त्रालयका अनुसार मोरङ, सुनसरी, झापा, धनुषा, काठमाडौँ, ललितपुर, भक्तपुर, चितवन, मकवानपुर, काभ्रे, कास्की, नवलपरासी पूर्व, बाके, रुपन्देही र कैलाली रहेका छन्।

यस्तै २०० भन्दा बढी सङ्क्रमित भएका १७ जिल्ला रहेका छन् । ती जिल्लामा पर्सा, बारा, महोत्तरी, सत्तरी, सर्लाही, सिराहा, नुवाकोट, धादिङ, सिन्धुपाञ्चोक, सिन्धुली, गोरखा, तनहुँ, स्याङजा, बागलुङ, दाङ, पाल्पा र कञ्चनपुर रहेका छन् । नेपालमा सङ्क्रमण दर १७.९ प्रतिशत रहेको छ। हाल होम आइसोलेशनमा ८० हजार ७७९, संस्थागत आइसोलेशनमा एक हजार ७७१, सघन उपचार कक्ष २३८ र भेन्टिलेटरमा ४३ जनाको उपचार हुँदैछ। विगत २४ घण्टामा सोमबार एक लाख १९ हजार ३७१ जनाले खोप लगाएका छन् । अहिलेसम्म पहिलो मात्रा एक करोड ६२ लाख ८९ हजार ४२५ जना र पूर्ण मात्रा एक करोड २९ लाख ६६ हजार ३६२ जनाले लगाइसकेका छन्। यस्तै कोरोना भाइरस विरुद्धको बुस्टर डोज एक लाख ६८ हजार ९६९ मात्रा लगाइएको छ । यसैगरी गण्डकी प्रदेशमा पछिल्लो २४ घण्टामा १८६ जना कोरोना सङ्क्रमणमुक्त भएका छन्। यस अवधिमा ९४९ जना सङ्क्रमित थपिएको स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपत्कालीन कार्यसञ्चालक केन्द्रका संयोजक नवराज शर्माले जानकारी दिनुभयो।

थपिनेमा कास्कीका ४५६, तनहुँका १००, लमजुङका ९६, पर्वतका ७८, स्याङ्जाका ७५ र म्याग्दीका ४९ जना छन् । त्यस्तै नवलपरासी पूर्वका ४७, गोरखाका ३५, बागलुङका नौ र मुस्ताङका चार जना रहेको निर्देशनालयले जनाएको छ। प्रदेशमा होम आइसोलेशनमा रहनेको सङ्ख्या पाँच हजार ६२३ जना रहेको जनाइएको छ।

## मुख्यमन्त्री...

गरेको ध्यानाकर्षणपत्रमा उल्लेख गरिएको छ। समृद्ध गण्डकी प्रदेश सुखी प्रदेशवासीको लक्ष्यका साथ गत आवमा ठेक्का प्रक्रियामा गएका गौरवका आयोजनाहरू र बहुवर्षे योजनाहरूका काम प्राथमिकताका साथ सम्पन्न गर्नुपर्नेमा वर्तमान सरकार उदासीन बनेको पत्रमा उल्लेख छ। 'एक घर एक धारा' कार्यक्रमका लागि विगतको एमाले नेतृत्व सरकारले निर्धारण गरेका योजनाको बजेट कटौती गरेर पाँच वर्षभित्र सबै घरमा पानीका धारा पुऱ्याई जनताको स्वच्छ पानी पिउन पाउने अधिकारलाई सरकारले कुण्ठित गरेको आरोप लगाएको छ। बागलुङ, लमजुङको दोर्दी करिडोर, मर्स्याङ्दी करिडोर र गोरखाको चुननुब्री लगायतका स्थानमा वर्षाको समयमा गएको बाढीपहिराका कारण अवरुद्ध भएको सडक तत्काल पुनः निर्माणका काम तत्काल प्रारम्भ गरियोस् भन्ने आज बुझाइएको पत्रमा जोड दिइएको छ।

कोभिडको तेस्रो लहर सुरु भएको र अहिले जनजीवन अस्तव्यस्त बनेको बताउँदै ध्यानाकर्षणपत्रमा भनिएको छ, 'विगतमा 'एक घर एक पिसिआर' नारा लगोन गठबन्धन आफैँले सरकार सञ्चालन गरेको बेला अहिले परीक्षण र उपचारको दायरा बढाउनुपर्ने उल्लेख छ।'

कार्यान्वयन हुन नसकेका तत्काल कार्यान्वयन गर्नुपर्नेमा जोड दिँदै एमाले संसदीय दलसँग २०७८ साल असोज ३ गते भएका सम्झौताको कार्यान्वयन गर्न माग गरिएको छ । सुशासन, कर्मचारी व्यवस्थापन, गण्डकी विश्वविद्यालय, गण्डकी टेक्निकल इन्स्टिच्युट, ताल प्राधिकरण, विकास प्राधिकरण, जिल्ला अस्पतालको सुदृढीकरणमा सरकारको ध्यानाकर्षण गराइएको छ । मुख्यमन्त्री जयवायु मैत्री नमूना गाउँ र होमस्टेजस्ता गण्डकी प्रदेशका मौलिक कार्यक्रम कार्यान्वयनमा सरकारको ध्यान जानुपर्नेमा उल्लेख गर्दै पत्रमा भनिएको छ, 'सरकारको ध्यान नपुग्दा भ्रष्टाचार संस्थागत रूपमा बढ्दै गएको छ।'

**बाथरोग, प्यारालाइसिस भएका, ढाड दुखेका तथा ढाडमा नशा च्यापिएका विरामीहरूलाई खुशीको खबर**

**परीक्षण गरिने रोगहरू:**

**बाथ रोग:** घुढा दुख्ने, पुरा शरीर दुख्ने जोर्नीहरु दुख्ने, सुनिने, खिइने, बढि औषधी खाँदा समेत निको नभएका विरामी पुराना तथा नयाँ बाथका विरामीहरु, युरिक एसिड, भएका हात खुट्टाका जोर्नीहरु दुख्ने, पोल्ने झमझमाउने, कुरकुच्चा दुख्ने, बाथ तथा नशाका दुखाइका विरामीहरुले सम्र्पक राख्नुहोला ।

**प्यारालाइसिस:** शरीरको एकहर नचल्ने, बोल्न बस्न उठन खाना खान गाह्रो हुने, मुख बाङ्गो भएका विरामीहरु ।

**ढाड दुख्ने:** ढाडमा नशा च्यापिएको, एकातिरको खुटटा दुख्ने, पोल्ने,झमझमाउने, करकरखाने, ढाड बस्दा उठदा, काम गर्दा दुख्ने ।

**विरामी परिक्षण विहान ९ बजेबाट साझ ५ बजेसम्म**

*फोनबाट पनि नाम दर्ता गराउन सकिने छ ।*

**सम्र्पक:**

**स्पार्क वि एण्ड डि हस्पिटल प्रा. लि.**
पोखरा ८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०, ९८६६४१५३८०

*मिडटाउन सुपर मार्केटको पछाडि पवित्रमार्ग स्टेट न. १ पवित्रमार्ग मेघा हेल्थ केयरको आडमा ।*

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता**: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्बार सम्वन्धी रोग**: छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्बारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्बार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

**सम्पर्क स्थान :**
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

**नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।**

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै त्यस्तो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । - गौतम बुद्ध

## सम्पादकीय

# कांग्रेस भित्रको उकुसमुकुस

नेपाली कांग्रेसको १४ औ महाधिवेशनले सभापति शेर बहादुर देउवालाई सभापति निर्वाचित मात्र गरेन प्रचण्ड बहुमत दिएको छासभापतिमा पुन निर्वाचित देउवाको गुटबाट ८० प्रतिशत पदाधिकारी र सदस्य निर्वाचित भएका छन । कांग्रेसमा सभापति देउवाले जे चाह्यो त्यही निर्णय हुने अवस्था छाडुई महामन्त्री, एक उपसभापति, दुई सहमहामन्त्री बाहेक अन्य पदाधिकारी र सदस्यहरू देउवाले भनेको मान्ने नै छनापार्टीमा नेतृत्व परिवर्तन हुनुपर्छ भन्ने नेता रामचन्द्र पौडेल समेत महाधिवेशनपछि देउवालाई नै सघाउने स्थितिमा पुगेका छनापार्टीलाई विधिसम्मत तरिकाले चलाउने वाचा गरेका देउवाले महत्तवपूर्ण निर्णय लिंदा पार्टीका नेताहरूसँग सल्लाह गर्न छाडेका छन ।

प्रधानमन्त्री देउवाले सरकार संचालनमा समेत पार्टीका पदाधिकारीलाई सामान्य परामर्श नभएको गुनासो आउनु राम्रो होइन । महाधिवेशनबाट प्रचण्ड बहुमतको समर्थन पाएको एक महिनामै असन्तुष्टिका स्वर आउनु शुभ संकेत होइन । महाधिवेशनमा सभापति पराजित डाक्टर शेखर कोइराला समूहका नेताहरुको भर्चुअल बैठकले पार्टीभित्र छलफल नगरी सभापति देउवाले अन्य पार्टीसँग सहमति गर्नुको औचित्य नभएको निष्कर्ष निकालेको छ । भर्चुअल बैठकमा कोइरालासहित कांग्रेस उपसभापति धनराज गुरुङ, महामन्त्री गगन थापा, नेताहरु डा. रामशरण महत, अर्जुननरसिंह केसी, बलबहादुर केसी, डाामिनेन्द्र रिजाल, चन्द्र भण्डारी लगायत सहभागिले देउवाको कार्यशैलीकोप्रति आपत्ति जनाएको छ ।

भर्चुअल बैठकमा बोल्दै नेता कोइरालाले राष्ट्रिय राजनीतिका गहन विषयमा पार्टीभित्र छलफल नगर्नु गलत भएको विचार राखेको समाचार सार्वजनिक भएको छ । 'पार्टीभित्र छलफल नगर्ने तर गठबन्धनका नाममा नेताको अनुकुल हुनेगरी प्रस्तुत हुने कुराको औचित्य छैन । संविधानभन्दा बाहिर गएर गठबन्धनमा सहमति गरिए मान्य हुँदैन भन्ने शेखरका भनाइले कांग्रेस भित्रको उकुसमुकुस देखाउँछ ।

बैशाखमा स्थानीय निर्वाचन गर्नुको विकल्प नभएको निष्कर्ष निकालेको बैठकले गठबन्धनका नेताहरूलाई पनि फसङ्ग बनाएको छ । सरकार र पार्टीको नेतृत्व एउटैले गरेको बेला पार्टीमा विग्रह आउने गरेको छ । एक वर्ष अधि केपी शर्मा ओलीले नेतृत्व गरेको सरकार र नेकपा, २०६४ को संविधानसभामा ठूलो दल बनेको बेलाको नेकपा माओवादी, २०४८ र २०५६ सालको चुनावमा बहुमत पाएको कांग्रेस कुन हालतमा पुगेको थियो भन्ने नेतृत्वमा रहनेले बिर्सेका छन ।

'कांग्रेसको कुनै नेताले अघिल्लो चुनाव हारेको र अहिले संसदमा जान मन लागेको भरमा संविधानविपरीत जान मिल्दैन । पहिले स्थानीय निर्वाचन हुनुपर्छ अनि संसदीय निर्वाचन हुन्छ', भन्ने शेखर समुहको भनाइलाई गम्भीरतापूर्वक लिनुपर्छ । सबैजसो नेताहरुले सभापति देउवाले एकलौटी निर्णय गर्न थालेको, न्यायिक साझेदारी नगरेको र पार्टीभन्दा गठबन्धनलाई प्राथमिकता दिएको बताएका कारण रुष्ट देखिनु देउवाले गरेको निर्णय कार्यान्वयन हुन सक्दैन भन्ने गठबन्धनलाई सन्देश हो ।

बैठकमा आगामि निर्वाचनमा कांग्रेस एक्लै प्रतिस्पर्धा गर्नुपर्ने निष्कर्ष समेत निकालिएको छ । बैठकले सभापति देउवालाई विधान अनुसार चल्न दवाव दिने निर्णय गरेको छ । 'पार्टी विगतमा भन्दा खराब ढंगले सञ्चालन हुन खोजेको, केही नेताको स्वार्थका लागि पार्टीलाई कमजोर बनाएर गठबन्धनलाई बलियो बनाउन लागेको आरोप सहित कांग्रेस बलियो बनाउन आवश्यक दवाव सिर्जना गर्ने निर्णय देउवाका लागि सच्चिने अवसर हो ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : शारीरिक झमेला |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : व्यापारमा लाभ | धनु | : आर्थिक समस्या |
| कर्कट | : मानसिक तनाव | मकर | : कार्यमा सफलता |
| सिंह | : शत्रुको भय | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : मन चञ्चल | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# पशु स्वास्थ्य संरक्षण कार्यक्रम

पोखरापत्र संवाददाता
तनहुँ, १० माघ

भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रले जिल्लामा पशु स्वास्थ्य संरक्षण कार्यक्रम लागू भएको जनाएको छ । पशु स्वस्थ नहुँदा उत्पादनमा ह्रास आउन थालेपछि यस कार्यक्रमलाई प्राथमिकतामा राखेर प्रक्रिया अघि बढाइएको हो ।

पशुमा रोग लाग्दा १५ देखि २० प्रतिशतसम्म प्रजनन क्षमतामा कमी हुने एक अध्ययनले देखाएको हुँदा पशुलाई स्वस्थ्य राख्न विभिन्न किसिमका रोगविरुद्धको खोप दिन लागिएको कार्यालयका प्रमुख डा बालकुमार श्रेष्ठले जानकारी दिनुभयो । मानव स्वास्थ्यसँग पनि उत्तिकै सरोकार रहने र करिब ६० प्रतिशत रोग पशुबाट मानिसमा सर्ने भएकाले नेपाल सरकारले वातावरण, पशु र मानवबीच एक स्वास्थ्य रणनीति नै पारित गरिसकेको छ । जिल्लाका पाँच पालिकाका गरी डेढ लाख बढी पशुलाई विभिन्न किसिमका खोप निःशुल्क रुपमा दिइनेछ । उहाँले भन्नुभयो, "गाईभैंसीलाई खोरेत,चर्चरे, भ्यागुते, सुँगुरमा खोरेत, स्वाइनफिबर, बाख्रामा पीपीआर, कुकुरमा रेबिज विरुद्धको खोप दिइनेछ ।'' पृथ्वीराजमार्गअन्तर्गत पर्ने तनहुँको पूर्वीनाका आँबुखैरेनी गाउँपालिका, बन्दिपुर गाउँपालिका, व्यास नगरपालिका, म्याग्दे गाउँपालिका र पश्चिम नाकामा रहेको शुक्लागण्डकी नगरपालिका क्षेत्रमा पालिएका पशुलाई खोप दिइनेछ । पूर्ण खोप अभियानअन्तर्गत पशुमा खोप लगाउन आवश्यक मात्रामा खोप उपलब्ध भइसकेको छ । उहाँले भन्नुभयो, "महामारी फैलिएको अवस्थामा अन्य पालिकालाई पनि सहयोग गर्न सकिने क्षमता रहेको छ ।'' बन्दिपुर र व्यासको लागि कार्यक्रम गर्ने लक्ष्य रहेपनि अन्य तीन पालिका थप गरी पाँच पालिकामा पनि खोप लगाउनका लागि करिब ४५ जनशक्ति कार्यक्षेत्रमा खटाइसकिएको छ । गतवर्ष बन्दिपुर र व्यासका गरी एक लाख २४ हजार बाख्रामा पीपीआर विरुद्ध खोप लगाइएको सो कार्यालयले जनाएको छ ।

# २० लाखको चेक हस्तान्तरण

पोखरापत्र संवाददाता
तनहुँ, १० माघ

व्यास नगरपालिका कार्यालयले व्यास-१४ का दुई वटा टोल विकास संस्थालाई आज रु २० लाखको चेक हस्तान्तरण गरेको छ ।

उक्त वडास्थित कुलुङ माझथर र सुडे मरौठे टोल विकास संस्थाका लागि नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डिल्लीराम सिग्देल, सहकारी तथा साझेदारी शाखाका उपप्रमुख राजु पण्डितलगायतले वडाध्यक्ष काजीमान श्रेष्ठ र टोल विकास संस्थाका पदाधिकारीलाई रु १०/१० लाखका चेक हस्तान्तरण गर्नुभएको हो । नगरपालिकाले आफ्नो क्षेत्रभित्रका टोल विकास संस्थालाई बिना धितो र सस्तो ब्याजदरमा लगानी गर्दै आएको छ । टोल विकास संस्थामा आबद्ध सदस्यलाई सस्तो ब्याजदरमा रकम उपलब्ध गराइ आयआर्जनको माध्यम बनाउन सहयोग पुऱ्याउने उद्देश्यले लगानी गर्ने गरिएको प्रमुख प्रशासकीय अधिकृत सिग्देलले बताउनुभयो ।

कोरोना सङ्क्रमणका बेला कार्यालयमा बोलाएर रकम हस्तान्तरण गर्नुभन्दा गाउँमै गएर सेवा दिने योजना अनुरुप सम्बन्धित वडामा सहभागी भएर चेक प्रदान गरिएको उहाँको भनाइ थियो । सो रकम टोल विकास संस्थाले एक वर्षपछि १५ प्रतिशत ब्याजसहित नगरपालिकालाई फिर्ता गर्नुपर्ने प्रावधान रहेको नगरपालिका सहकारी तथा साझेदारी शाखाका उपप्रमुख राजु पण्डितले जानकारी दिनुभयो । पन्ध्र प्रतिशत ब्याजमध्ये तीन प्रतिशत पुनः नगरपालिका कार्यालयले टोल विकास संस्थाकै खातामा पठाइदिने उहाँले बताउनुभयो ।

# बेनी-जोमसोम सडक दैनिक ६ घण्टा बन्द

पोखरापत्र संवाददाता
म्याग्दी, १० माघ

स्तरोन्नतिका कारण बेनी-जोमसोम सडकको म्याग्दी खण्ड आजदेखि दैनिक ६ घण्टा बन्द हुन थालेको छ ।

राष्ट्रिय गौरवको उत्तर/दक्षिण जोड्ने कालीगण्डकी कोरिडोर, बेनी-जोमसोम-कोरला सडक योजनाअन्तर्गत म्याग्दीको अन्नपूर्ण गाउँपालिका-७ महभिर र वडा नं २ नौनीबगर खण्डमा सडक स्तरोन्नति गर्न थालिएको छ । सडकमा यातायात सञ्चालन हुने समयतालिका लागू भएपछि म्याग्दीको अन्नपूर्ण गाउँपालिकाका र मुस्ताङका बासिन्दा, तीर्थयात्री, पर्यटक र व्यवसायी प्रभावित भएका छन् ।

आयोजना प्रमुख जगत प्रजापतिले यही माघ २१ गतेसम्म बिहान ८ देखि ११ बजे र दिउँसो १ देखि ४ बजेसम्म यातायात सेवा बन्द गरेर विस्तार र निर्माणको काम गर्न समयतालिका तय गरिएको जानकारी दिनुभयो । "महभिर खण्डमा चट्टान काट्नुपर्ने र नौनीबगर खण्डमा विस्तार एवम् स्तरोन्नतिका लागि समय तालिका बनाएका छौं," उहाँले भन्नुभयो "दुर्घटनाको जोखिम न्यूनीकरण र निर्माणको कामलाई व्यवस्थित तथा तीव्र बनाउन यातायात सञ्चालनको समयतालिका बनाउनुपरेको हो ।" विसं २०७४ मा सुरु भएको चीनको स्वशासित क्षेत्र कोरला नाका जोड्ने २०० किलोमिटर दूरीको बेनी-जोमसोम-कोरला सडक आयोजनाको १२ खण्डमा हाल निर्माण भइरहेको छ । हालसम्म मुस्ताङको ६ खण्ड निर्माण सकिएको आयोजनाको भौतिक प्रगति ६५ प्रतिशत छ ।

**पोखरा महानगरपालिका**
**वडा नं. १३ को सार्वजनिक सूचना**

पोखरा महानगरपालिका वडा नं. १३, निवासी भक्त बहादुर विश्वकर्माको बुहारी, सन्तोष कुमार वि.क.को श्रीमती लक्ष्मी विश्वकर्माले कि. नं. १८६ को क्षेत्रफल १२७ वर्ग मि. जग्गामा पूर्व बाटो, पश्चिम कुलो, उत्तर कुलो, दक्षिण कि.नं. १८५ नाम थाहा नभएको यति चार किल्लाभित्रको लक्ष्मी विश्वकर्माको हकभोगका जग्गामा घर निर्माण गर्दा दक्षिण कि. नं. १८५ को संधियारा सम्पर्कमा आइनपुगेको हुँदा यहि उक्त जग्गामा कोही कसैको हकदावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस वडा कार्यालयमा सम्पर्क गर्नुहुन जानकारी गराईन्छ ।

सम्पर्कः पोखरा महानगरपालिका वडा नं. १३ कार्यालय

# जलवायु परिवर्तनका असरबारे ध्यानाकर्षण गराउन कालापत्थरमा पदयात्रा हुने

रासस
काठमाडौं, १० माघ

जलवायु परिवर्तनले पारेको असरबारे विश्वको ध्यानाकर्षण गराउन सगरमाथा आधार शिविरमा विभिन्न क्षेत्रका नेतृत्वदायी भूमिका खेलेका महिलाहरुले पदयात्रा (ट्रेकिङ) गर्ने भएका छन् ।

आगामी मार्च ८ तारिख अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा 'वुमन युनाइटेड फर क्लाइमेट जस्टिस' भन्ने नारासाथ विभिन्न विधाका प्रतिष्ठित २७ महिलाले काठमाडौँदेखि कालापत्थरसम्म झण्डै १२ दिनको पदयात्रा गर्न लागेका हुन । 'साथसाथै' नामक संस्थाको संयोजनमा हुन लागेको सो पदयात्राको मुख्य उद्देश्य हिमाली क्षेत्रमा जलवायु परिवर्तनका कारणले परेको असर विश्वसामु उजागर गर्न र त्यसले महिलामा उत्पन्न गरेको समस्याको न्यायका लागि वकालत गर्ने रहेको छ ।

साथै जलवायु परिवर्तनका कारणले हिमाली क्षेत्रमा हिउँ पग्लने क्रम बढेको, जलवायु अनुकूलन र जलवायु परिवर्तनबारे महिलालाई सचेतना जगाउनेलगायत उद्देश्य रहेको छ । समूहले कालापत्थरमा विशेष कार्यक्रम गर्ने र त्यहीँबाट जलवायु परिवर्तनका असरले महिलामा पारेका असरको उजागर गर्ने तथा त्यस्ता मुद्दाको राष्ट्रिय, अन्तर्राष्ट्रिय रुपमा ध्यानाकर्षण गराइने 'साथसाथै' का कार्यक्रम संयोजक प्रजिता कार्कीले जानकारी दिनुभयो । "त्यहीँबाट नेतृत्वको झण्डा बोकेर सबै प्रकारका विभेदविरुद्ध चेतना फैलाउने र शान्तिपूर्ण र समृद्ध समाजको प्रवर्द्धन गर्ने अभियानमा जुट्छौँ", उहाँले भन्नुभयो । स्थानीय महिलासँग सहकार्य गर्ने र कालापत्थरको उचाइबाट जलवायु परिवर्तन प्रभावित महिलाको आवाज उठाएर विश्वलाई सन्देश दिने अयिभानको उद्देश्य रहेको उहाँले बताउनुभयो ।

जलवायु परिवर्तन जस्ता प्रकृतिले उब्जाएका ज्वलन्त समस्याबाट कोही पनि उम्कन नपाउने र समयमै यसको चेतावनीलाई ध्यान दिएनौँ भने नेपाल जस्ता मुलुक सबैभन्दा बढी पीडित हुने कार्यक्रम संयोजक कार्कीको भनाइ छ ।

प्रकृतिसँग घुलमिल हुँदै आन्तरिक पर्यटन प्रवर्द्धनका लागि अरुलाई पनि प्रोत्साहन गर्न र जलवायु परिवर्तनको प्रभाव उजागर गर्ने उद्देश्य राखेर 'साथसाथै' संस्थाले यस अघि मर्दी हिमाल क्षेत्रका साथै अन्नपूर्ण आधार शिविरमा यसैगरी पदयात्रा सम्पन्न गरिसकेको जनाएको छ । अन्नपूर्ण आधार शिविरको पदयात्रा अभियानमा विभिन्न क्षेत्रका २० जना अगुवा महिला सहभागी हुनुहुन्थ्यो ।

विश्वमा हरित ग्यास उत्सर्जनले तापमानमा आएको वृद्धिसँगै जलवायु परिवर्तनका विविध असर देखिने गरेका छन् । हरित ग्यास उत्सर्जनमा नेपालको भूमिका नगन्य भएपनि बढ्दो तापमान र जलवायु परिवर्तनका असरबाट नेपाल सबैभन्दा बढी प्रभावित मुलुकको सूचीमा रहेको छ । यस विषयलाई पनि विश्वको ध्यानाकर्षण गराउने महिला पदयात्रा अभियानको उद्देश्य रहेको छ । स्कटल्याण्डको ग्लास्गो शहरमा गत अक्टोबर ३१ देखि नोभेम्बर १२ तारिखसम्म आयोजना भएको जलवायु परिवर्तनसम्बन्धी २६औं अन्तर राष्ट्रिय सम्मेलनमा नेपालले 'राष्ट्रिय अनुकूलन योजना (२०२१-२०५०)', 'खुद शून्य उत्सर्जनमा नेपालको दीर्घकालीन रणनीति' र 'जलवायुजन्य हानीनोक्सानीसम्बन्धी राष्ट्रिय कार्यढाँचा' जस्ता महत्वपूर्ण नीतिगत दस्तावेज र कार्ययोजना प्रस्तुत गरेको थियो । नेपाल सरकारले उक्त सम्मेलनलाई जलवायू परिवर्तनका चुनौतीहरु सामना गर्न अन्तराष्ट्रिय समन्वय र सहकार्यका लागि एक महत्वपूर्ण अवसरका रुपमा लिदै प्रधानमन्त्री शेरबहादुर देउवाको नेतृत्वमा वन तथा वातावरण मन्त्री रामसहाय प्रसाद यादवसहितको उच्च स्तरीय प्रतिनिधि मण्डलले सहभागिता जनाएको थियो ।

नेपालले पर्वतीय क्षेत्र, यहाँको जनजीविकामा जलवायू परिवर्तनको असर, हानी र नोक्सानीलाई अनुकूलनभन्दा थप अलग्गै कार्यक्रमबाट सम्बोधन गर्नुपर्ने सवाल तथा सुदृढ र दिगो वित्तीय व्यवस्था सुनिश्चित गर्न प्रभावकारी रुपमा विश्व समुदायको ध्यान आकृष्ट गराएको थियो । पछिल्लो अध्ययनअनुसार सन् २०१० सम्मको अवधिमा हिमालमा हिउँको भण्डार झण्डै २९ प्रतिशतले घटेको र हिमतालको सङ्ख्या ११ प्रतिशतले बढेको देखिन्छ । पृथक भौगोलिक अवस्था र विभिन्न उचाइमा अवस्थित पारि स्थितिकीय क्षेत्र, प्राकृतिक स्रोतमा आधारित जीविकोपार्जन, गरिबी, सिमान्तकृत समुदाय र न्यून क्षमताका कारण नेपाल विश्वकै सबैभन्दा सङ्कटापन्न र जोखिमयुक्त मुलुकमध्येमा पर्न गएको देखिन्छ ।

# जीप दुर्घटनामा ज्यान गुमाएकाको परिवारलाई आर्थिक सहयोग

पोखरापत्र संवाददाता
बागलुङ, १० माघ


जीप दुर्घटनामा परी ज्यान गुमाएकाको परिवारलाई तनहुँको बन्दीपुर गाउँपालिकाले राहत प्रदान गरेको छ ।

गत पुस ३० गते बन्दीपुर गाउँपालिका-६ धरमपानी बाक्सेमा जीप दुर्घटनामा परी मृत्यु भएका ६ जनाको परिवारलाई गाउँपालिकाले आइतबार राहत प्रदान गरेको हो ।

गाउँपालिकाको बैठकको निर्णय अनुसार प्रति मृतक रु दश हजारका दरले रु ६० हजार राहत प्रदान गरिएको गाउँपालिकाका उपाध्यक्ष करुणा गुरुङले जानकारी दिनुभयो । गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापा, उपाध्यक्ष गुरुङ, वडाध्यक्ष सन्तबहादुर गुरुङ सहित जनप्रतिनिधिको टोली मृतकको घरमै पुगेर राहत प्रदान गरेको हो । "शोकको घडीमा स्थानीय सरकार जनताको साथमा छ भन्ने अनुभूति दिलाउन थोरै भएपनि राहत प्रदान गरेका हौं," उहाँले भन्नुभयो । जीप दुर्घटनामा परी बन्दीपुर गाउँपालिका-६ का ५३ वर्षीय हरि न्यौपाने, ४८ वर्षीया सुशीलादेवी न्यौपाने, २४ वर्षीय रोशन गुरुङ, ९ महिने बालिका आरुवी थापा, ४८ वर्षीय सन्तबहादुर गुरुङ र ५० वर्षीया बिममाया गुरुङको मृत्यु भएको थियो । जीप दुर्घटनाका चालकलाई कारवाही र मृतकका परिवारलाई उचित क्षतिपूर्ति पाउने माग सहित दुई दिनसम्म पीडितले शव बुझेका थिएनन् । दुर्घटनामा मृत्यु भएकाहरूलाई कानून बमोजिम पाउनुपर्ने राहत उपलब्ध गराउने र घाइतेको उपचार खर्च बेहोर्ने सहमति भएपछि पीडितले शव बुझेका थिए ।

त्यसबेला किरिया खर्च बापत प्रति मृतक रु ५० हजार प्रदान गरिएको थियो भने बाँकी जनही रु चार लाख ५० हजार २५ दिनभित्र उपलब्ध गराउने सहमति भएको थियो ।

**व्यक्ति एउटै भएको सूचना**




गण्डकी प्रदेश, तनहुँ जिल्ला, आँबुखैरेनी गाउँपालिका वडा नं. ०२ बस्ने भारतीय भू.पू.सै.नं. ५७४७५८४, PPO No १५५२२, TS NO १४४४४१ का क्षेत्र बहादुर थापाको श्रीमतीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर रेनुमायाँ थापा उल्लेख भएको तर भारतीय पेन्सन अभिलेखमा नामथर कालीमाया उल्लेख भई फरक परेता पनि व्यक्ति एउटै भएको भनी आँबुखैरेनी गाउँपालिका ०२ नं. वडा कार्यालयको चलानी नं. १२२ मिति २०७८।०४।२२ गतेको पत्र तथा ईलाका प्रहरी कार्यालय आँबुखैरेनीको च.नं. १२२ मिति २०७८।०४।२५ गतेको प्राप्त सर्जमिन मुचुल्काबाट लेखि आएकाले सरोकारवाला सबैका लागि जानकारी गराइन्छ ।

जि.प्र.का. तनहुँ

